# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ३२ २०८० पुस ११ बुधबार



## सम्पादकीय

# बौलाहा कुकुरबाट बचौं

केही दिनयता भूमेका विभिन्न ठाउँमा बौलाहा कुकुरको बिगबिगी बढिरहेको छ। बौलाहा कुकुरले टोकेपछि प्राणघातक रेबिज रोग लाग्छ भन्ने सबैलाई थाहा भएकै कुरा हो। त्यस्तै बौलाहा कुकुरले टोकेका पशुबाट पनि अरुलाई रेबिज रोग सर्न सक्छ। त्यसैले बौलाहा कुकुरको टोकाइबाट आफू बच्न र अरु मानिस तथा पशुहरुलाई बचाउन सबै सचेत हुनु जरुरी छ।

गाउँपालिकाले बौलाहा कुकुर नियन्त्रणका लागि पहल गरिरहेको छ। छाडा कुकुरलाई खोप लगाउने, बौलाहा कुकुरलाई नियन्त्रणमा लिने काम भइरहेको छ। तर पालिकाको पहलमात्रै पर्याप्त नहुन सक्छ। स्थानीयबासी, जनप्रतिनिधि सबै मिलेर गाउँ टोलमा भएका छाडा कुकुर र घरपालुवा कुकुरलाई नियमित खोप लगाउने र बौलाहा कुकुर देखिएमा सके नियन्त्रणमा लिने र नसके प्रहरीलाई खबर गर्ने र आफू बच्ने काम गर्नु पर्दछ।

कुकुर बौलाएपछि केही दिनभित्रै मर्ने भएकाले त्यस्ता कुकुरलाई मार्नुको विकल्प हुँदैन। त्यसैले अरुलाई टोकेर धेरैलाई रोग सार्न नदिई बेलैमा बौलाहा कुकुरलाई मार्नुपर्दछ। त्यसमा सबैले सबैलाई सहयोग गर्ने गरौं। कसैलाई शंकास्पद कुकुरले टोकेको भए पनि समयमै नियमअनुसार रेबिजको खोप लगाउन ढिला नगरौं। सानो लापरवाहीले ठूलो दुर्घटना हुन सक्छ।

**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# शुक्र माविको ४ कोठे भवन शिलान्यास








लुम्बिनी प्रदेश सरकारको तर्फबाट बिनियोजित ५० लाख रुपैयाँको लागतमा विद्यालयको चार कोठे पक्की भवन निर्माण गर्न लागिएको हो। भवनको प्रदेश सभा सदस्य सुरल पुनले शिलान्यास गर्नुभएको छ।

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिका वडा नम्बर ३ सिमास्थित सहिद शुक्र माध्यमिक विद्यालयको ४ कोठे भवनको शिलान्यास गरिएको छ। गत बुधबार एक कार्यक्रमको आयोजना गिरी लुम्बिनी प्रदेश सभा सदस्य सुरुल पुनले उक्त भवनको शिलान्यास गर्नुभएको हो। भवन प्रदेश सभाबाट विनियोजित रु.५० लाख बजेटबाट निर्माण गर्न लागिएको हो।

भवन शिलान्यास कार्यक्रममा प्रदेश सभा सदस्य पुनले विद्यालयहरुलाई भौतिक रुपमा मात्र सम्पन्न नभई शैक्षिक स्तरमा पनि सम्पन्न बनाउनतर्फ लाग्न आग्रह गर्नुभयो। विद्यालयलाई

प्रदेशकै नमुना विद्यालय बनाउन शिक्षक, अभिभावक, विद्यार्थी एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिँदै उहाँले भवन निर्माण भएपछि पठन पाठनमा थप सहज हुने विश्वास व्यक्त गर्नुभयो।

भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले शिक्षाको क्षेत्रमा भौतिक पूर्वाधार निर्माणमा गाउँपालिका लागि परेको बताउँदै गुणस्तरीय शिक्षा दिन अहम् भूमिका खेलको बताउनु भयो। निर्माण व्यवसायीलाई विद्यालय भवन निर्माणको सम्पूर्ण कार्य फाल्गुन महिनासम्ममा सम्पन्न गर्न आग्रह गर्नुभयो।

यसैबीच उक्त विद्यालयमा सामाजिक परियोजना प्रो एक्ट अन्तर्गत बालमैत्री तथा अपाङ्गमैत्री शौचालय निर्माण गरिएको छ। यूनाइटेड मिसन टु नेपाल रुकुम पूर्व क्लष्टरको आर्थिक तथा प्राविधिक सहयोग, भूमे गाँउपालिकाको समन्वयमा नेपाल जनजागरण मञ्च रुकुम पूर्वको सहजीकरणमा अपाङ्ग तथा बालमैत्री शौचालय निर्माण गरिएको हो।

सो अवसरमा निर्माण सम्पन्न भएको बालमैत्री तथा अपाङ्गमैत्री शौचालय विद्यालयलाई हस्तान्तरण गरिएको छ। परियोजनाको तर्फबाट ९ लाख ९३ हजार १ सय ७४ र जन श्रमदान २ लाख, १५ हजार, १ सय ७९ गरी कुल १२ लाख, ८ हजार,३ सय ५३ लागतबाट शौचालय निर्माण गरिएको जानकारी गराइएको थियो। बालमैत्री तथा अपाङ्गमैत्री शौचालय निर्माण २०८० भदौ १० गतेबाट शुरु भएको थियो भने २०८० कार्तिक २१ गते निर्माण कार्य सम्पन्न भएको थियो।

भूमे गाउँपालिकाको अध्यक्ष होम प्रकाश श्रेष्ठले हामीले गर्नुपर्ने कार्य गरेर सरकारका गतिविधिहरूमा सहयोग पु-याएकोमा आागामी दिनहरूमा पनि स्थानीय सरकारको सहयोग र सहकार्य रहने प्रतिबद्धता जनाउनु भयो।

यस्तै सहिद शुक्र माध्यमिक विद्यालय र भूमे गाउँपालिका ३ नं. वडा कार्यालयको तर्फबाट धन्यवादसहित प्रशंसा पत्र प्रदान गरिएको छ। विद्यालयको आवश्यकतामा भएको महत्त्वपूर्ण बालमैत्री र अपाङ्गतामैत्री शौचालय हस्तान्तरण गरेकोमा धन्यवाद दिँदै अन्य सहयोग अपेक्षा गरिएको पनि सहिद शुक्र माविको प्रअ अनिल आचार्यले बताउनु भयो।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष जोगबहादुर पुनको अध्यक्षतामा सुरु भएको कार्यक्रममा प्रमुख आतिथ्यता प्रदेश सभा सदस्य सुरुल पुनको रहेको थियो भने विशेष आतिथ्यता भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको रहेको थियो।

कार्यक्रममा यूनाइटेड मिसन टु नेपालका कार्यकारी निर्देशक शम्भु केसी, व्यवस्थापक नवीन चौधरी, नेपाल जनजागरण मञ्च रुकुम पूर्वका मोहन खड्का, वडा नम्बर ३ का अध्यक्ष प्रशुराम बुढा, रोजगार सहायक चन्द्र रसाइली, अभिभावक शिक्षक विद्यार्थी लगायतको उपस्थिति रहेको थियो।

# बासु स्मृति विद्यालयमा शैक्षिक मेला



## विद्यार्थीहरुलाई बाहिरी ज्ञानसहित विद्यालयस्तरमा पठनपाठन भइरहेका विषय आदान प्रदान गर्ने उद्देश्यले शैक्षिक मेला आयोजना गरिएको प्रअ तुलाराम खड्काले बताउनु भयो।

❖ बालाराम शेर्पाली

रुकुम पूर्व । भूमे गाउँपालिका वडा नं. ३ स्थित सहिद बासु स्मृति नमुना आधारभूत विद्यालयमा शैक्षिक सिकाइ मेला आयोजना गरिएको छ। विद्यार्थीहरूको गुणस्तरीय शिक्षाको विकास गर्न विद्यालयमा वडा स्तरीय शैक्षिक मेला आयोजना गरिएको हो।

युनाइटेड मिसन टु नेपाल र नेपाल जनजागरण मञ्चको आर्थिक तथा प्राविधिक सहयोग र विद्यालयको आयोजनामा एक दिने शिक्षासम्बन्धी सिकाइ प्रदर्शन मेला गरिएको सहिद बासु स्मृति नमुना आधारभूत विद्यालयका प्रध्यानाध्यापक तुलाराम खड्काले बताउनु भयो। विद्यार्थीहरुलाई

बाहिरी ज्ञानसहित विद्यालयस्तरमा पठनपाठन भइरहेका विषय आदान प्रदान गर्ने उद्देश्यले शैक्षिक मेला आयोजना गरिएको प्रअ खड्काले बताउनु भयो। मेलामा शिक्षण सिकाइ सामग्रीका साथै विभिन्न पाठ्यपुस्तक पनि प्रदर्शन गरिएको थियो।

प्रारम्भिक तहमा अध्ययनरत बालबालिकाको लेखाइ, पढाइ र सिकाइ सीप वृद्धि सञ्चालन गरिएका यस्ता कार्यक्रमले जिल्लाका दुर्गम बस्तीहरुमा राम्रो प्रभाव पार्ने प्रमुख अतिथि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो। बालबालिकाहरुलाई किताबी किरोको रुपमा मात्र बिकास भइरहेको शिक्षण प्रणालीलाई यस्ता रचनात्मक कार्यक्रमहरुले प्रयोगात्मक रुपमा खेल्दै पढ्दै शिक्षामा आकर्षण गर्ने भन्दै अध्यक्ष श्रेष्ठले आगामी दिनमा यस्ता रचनात्मक र व्यवहारिक कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्न आग्रह गर्नुभयो।

वडाभरिका विद्यालयका विद्यार्थीहरुबीच शिक्षण सिकाइ अवस्था एकआपसमा घुलमिल गराउने कार्यक्रमको उद्धेश्य रहेको नेपाल जनजागरण मन्चका कार्यक्रम अधिकृत हस्तबहादुर भग्रीले बताउनु भयो। उहाँले प्रारम्भिक कक्षाका बालबालिकाहरुको सिकाइ प्रभावकारी र गुणस्तरीय होस् भनेर सिकाइ प्रदर्शन मेलामा शिक्षण सिकाइका क्रियाकलापमा आधारित शैक्षिक सामग्री र विभिन्न पुस्तकहरु प्रदर्शनमा राखिएको जानकारी दिनुभयो।

विव्यस अध्यक्ष भान्देउ रोकाको अध्यक्षता एवं भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वडा नं. ३ का अध्यक्ष प्रशुराम बुढा, युनाइटेड मिसन टु नेपालका नवीन चौधरी, नेपाल जनजागरण मञ्चका कार्यकारी निर्देशक शम्भु विसी, मोहन खड्का, सामुदायिक रुपान्तरण परियोजना प्रो (याक्ट)का खिमसरा पुन, राजनीतिक दलका प्रतिनिधिहरु, शिक्षक, बुद्धिजीवी, विद्यार्थी, अभिभावक लगायतको उल्लेख्य सहभागिता रहेको थियो।

## प्रतियोगितामा कसले के जिते?

मेलाको अवसरमा विद्यार्थीहरुको क्षमता प्रस्फुटन गर्न र सिकाइतर्फ आकर्षित गर्न विभिन्न प्रतियोगिताको आयोजना गरिएको थियो। मानव जीवनमा शिक्षाको महत्त्व शीर्षकमा वक्तृत्वकला, स्मरण खेल, शब्द उच्चारण, हिसाब दौड, चित्रकला र हाजिरीजवाफसहित ६ विधाका प्रतियोगिता सञ्चालन गरिएको थियो। हिसाब दौडमा छात्रतर्फ मुहात पुन प्रथम, प्रदीप सुनार द्वितीय र रुपक सुनार तृतीय भएका छन् भने छात्रातर्फ ग्रीष्मा श्रेष्ठ प्रथम, रोश्मी पुन द्वितीय र आकृति पुन तृतीय भएकी छन्।

स्मरण खेलमा छात्रतर्फ बादल सुनार प्रथम, प्रदीप सुनार द्वितीय, मुस्कान पुन तृतीय भएका थिए भने छात्रातर्फ प्रथम गीता सुनार, सुस्मिता बुढा मगर द्वितीय र साकता सुनार तृतीय भएकी थिइन्। चित्रकलामा राहुल बुढा प्रथम, सृष्टि सुनार द्वितीय र संगम ओली तृतीय भएका छन्।

# ब्यावसायिक बङ्गुर पालनबाट राम्रो आम्दानी



❖ बालाराम शेर्पाली

रुकुम (पूर्व) । भूमे गाउँपालिका ३ का ५४ वर्षीय तेजबहादुर रोका पहिले खेतीपातीमा व्यस्त हुनुहुन्थ्यो। आजभोलि उहाँको दैनिकी फेरिएको छ। तेजबहादुरलाई बङ्गुरका पाठापाठी स्याहार गर्नमै भ्याईनभ्याई हुन्छ। उहाँसँग ४ वटा माउ र तिनका २० भन्दा बढी पाठापाठी छन्।

हरेक चार महिनामै ब्याउने, ४० दिनमै पाठापाठी बेच्न सकिने र राम्रो आम्दानी हुने भएकाले आफू बङ्गुर पालनमा आकर्षित भएको बताउनु हुन्छ। पछिल्लो दुई बर्ष यता ब्यावसायिक रुपमा बङ्गुर पालन गरिरहेका रोका वार्षिक ५ लाख रुपैयाँसम्म आम्दानी हुने बताउनु हुन्छ। सानो लगानीबाट सुरु गरेका रोकालाई बङ्गुर पालन अहिले आम्दानीको राम्रो स्रोत बनेको छ। ऋण खोजेर अर्काको देशमा पसिना बगाउन जानुभन्दा आफ्नै गाउँ ठाउँमा पशुपालन, तरकारी खेतीजस्ता उद्यम गरेर राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण हुनुहुन्छ रोका।

विदेशमा घामपानी, भोक, निन्द्रा नभनी काम गर्नुभन्दा त स्वदेशमै युवा पुस्ताहरुले सानै लगानीबाट व्यवसाय सुरु गरे मासिक २० देखि २५ हजारसम्म आम्दानी गर्न सक्ने रोका बताउनु हुन्छ। स्थानीय स्तरमा व्यवसाय गर्नेहरुलाई प्रोत्साहन स्वरुप स्थानीय सरकारले सहयोग गरिदिए हुन्थ्यो भन्ने तेजबहादुरको विश्वास छ।

# शैक्षिक सुधारबारे विद्यालयमा अन्तर्क्रिया



भूमे गाउँपालिका- ८ कोर्जास्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयले शैक्षिक सुधार कार्ययोजना निर्माण गर्न शिक्षक, विद्यार्थी, अभिभावक र विव्यस पदाधिकारीसँग अन्तर्क्रिया आयोजना गरिएको हो।

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । शैक्षिक क्षेत्र सुधार कार्ययोजना निर्माणका लागि विद्यालयमा अन्तरक्रिया गरिएको छ। भूमे गाउँपालिका वडा नम्बर ८ कोर्जास्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीबीच शैक्षिक सुधार कार्ययोजना निर्माण गर्न अन्तरक्रिया आयोजना गरिएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले विकासको पक्ष भौतिक विकास र मानव विकास भएकोले भौतिक विकासभन्दा पनि मानव विकास अझ महत्वपूर्ण भएकाले स्थानीय सरकारले शिक्षा विकासलाई अझ बढी जोड दिइने बताउनु भयो। “क्षमता र नैतिकताले भरिपूर्ण शिक्षक तथा प्रधानाध्यापक र अनुशासित विद्यार्थी भएमा शिक्षा

क्षेत्र गुणस्तरीय हुने कुरामा कुनै शंका छैन," अध्यक्ष श्रेष्ठले भन्नुभयो, "शिक्षा क्षेत्र बहुआयामिक र बहु पक्ष समेट्ने क्षेत्र भएकाले मानिसको चेतनादेखि बानी व्यवहारसम्म प्रभाव पार्ने भएकाले यो निरन्तर प्रक्रिया हो।" शैक्षिक क्षेत्रको सुधार प्रक्रिया एक पटक गरेर नपुग्ने भएकाले योजना बनाएर निरन्तर कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ थियो।

अन्तरक्रियामा विव्यस अध्यक्ष अनिल रोकाले शैक्षिक क्षेत्रमा सुधार कार्ययोजना निर्माणलाई अगाडि बढाउन तथा समग्र शैक्षिक गुणस्तर कायम गर्न शिक्षकहरु पनि जिम्मेवार रहेको बताउनु भयो। उहाँले मानवको जन्मसँगै भौतिक विकास स्वतः हुने र भौतिक विकासबाट पनि मानव विकासमा टेवा पुग्ने भएकाले यी दुवै विकासलाई सन्तुलित गरेमा शिक्षा समृद्धिको सपना साकार पार्न धेरै टाढा नरहेको विचार व्यक्त गर्नुभयो।

विव्यस अध्यक्ष अनिल रोकाको अध्यक्षतामा तथा भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा भएको अन्तर्क्रिया कार्यक्रममा फमोली बुढा, पन्चबहादुर रोका, भूमे गाउँपालिका रोजगार सहायक चन्द्र रसाइली, शिक्षक, अभिभावक, जनप्रतिनिधि लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन शिक्षक सुनिल बुढाले गर्नुभएको थियो।

# महतमा कृषि उपज संकलन केन्द्र उद्घाटन

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिका वडा नं. ६ महत गाउँमा कृषि उपज संकलन केन्द्र उद्घाटन गरिएको छ। कोइचा पर्वतीय साना किसान कृषि सहकारी संस्थाले सञ्चालन गर्ने गरी महतमा कृषि उपज संकलन केन्द्र स्थापना गरिएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले स्थानीय उत्पादनलाई बजारीकरण गर्न स्थानीय सरकारले प्रतिबद्ध भएर लागेको बताउनु भयो। भूमेको स्थानीय उत्पादनलाई ब्रान्डिङ गरेर बाहिर जिल्लासम्म पु-याएर कृषकहरुको राम्रो आयआर्जन वृद्धि गर्न सकिने भन्दै अध्यक्ष श्रेष्ठले त्यसका लागि गाउँपालिकाले आवश्यक व्यवस्था गर्ने योजना बनाइरहेको बताउनु भयो।

कोइचा पर्वतीय साना किसान कृषि सहकारी संस्था लिमिटेडद्वारा संचालन तथा अपनत्व हुनेगरी कृषि उपज संकलन केन्द्रको उद्घाटन गरिएको हो। वडामै संकलन केन्द्र स्थापना भएपछि कृषकहरूले उत्पादन गरेका अर्गानिक खाद्यान्न वस्तु, तरकारी तथा फलफूलहरुले बजार र मूल्य पाउने स्थानीयले विश्वास लिएका छन्। कृषि सहकारी संस्थाका अध्यक्ष फर्कबहादुर बुढाको अध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्ष विक्रम पुन, गाउँपालिकाका कर्मचारी, स्थानीयबासीको उपस्थिति रहेको थियो।

# हराउँदै सिङ्गारु नाचको परम्परा

❖ बालाराम शेर्पाली

रुकुम (पूर्व) । सिङ्गारु भूमे गाउँपालिका वडा नं. ३ झुम्लाबाङमा बाजे बाजुराको पालादेखि नाच्दै गाउँदै आएको सबैभन्दा पुरानो नाच हो। अहिले भूमेको झुम्लाबाङमा मात्रै यो नाच्ने गरिन्छ। जिल्लाको लोकसंस्कृति हराउँदै जाँदा चिन्ताजनक रहेको छ। दशैं लगायतका चाडबाड र अन्य पर्वहरुमा हुने विभिन्न किसिमको साँस्कृतिक जगेर्ना र रमाइला पक्षहरु बिस्तारै हराउन थालेको र भोलिको पुस्तालाई हस्तान्तरण गर्न सकिन्न कि भन्ने चिन्ता लाग्न थालेको झुम्लाबाङका ६३ बर्षीया तोपबहादुर बिकले बताउनु हुन्छ।




“दसैंको बेला गाउँघरमा हालिने लिङ्गे पिङ अघिल्लो बर्षको दसैंदेखि नै हाल्न छोडेका छन्, गाउँभरि युवा जम्मा भएर भैलो देउसी, नाचगान र रातभरि रमाइलो गर्दथे। पुर्खाले चलाएको संस्कृति लोप हुन थाल्ला भनेर बुढापाकाहरुले चिन्ता गरिरहेका छन्, विकले भन्नुभयो, “हाम्रो पालामा युवतीले पिङको डोरी बनाउन जङ्गलमा गएर बाबियो काटेर ल्याउने र केटाहरुले जङ्गलबाट लामो डाली भएको लिङ्गो काटेर दसैंमा पिङ हाल्ने गर्दथे। अहिलेका युवा केटाकेटीहरुमा पहिलेको जस्तो जाँगर र संस्कृतिप्रतिको मोह नै देखिदैन।”

पहिले सबै गाउँमा पिङ हालेको प्रशस्त हुन्थ्यो अहिले पिङ हालेको गाउँ कमै भेटिन्छन्। दसैंमा मात्र नाचिने सिङ्गारु नाच नाच्न भन्दा युवा युवतीहरु मोबाइल, टिभी, सामाजिक सञ्जालमै रमाउन थालेका छन्। प्रविधिको विकासले गर्दा पुर्खाले चलाएको लोपोन्मुख सिंगारु नाच लोप हुने अवस्था पुगे भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्। लोक संस्कृतिको संरक्षण र सम्वर्द्धनमा युवा पुस्ताले ध्यान नदिए अर्को पुस्ताले यस्ता सांस्कृतिक गीत नृत्यहरु देख्न नपाउने स्थानीय बताउँछन्। बर्ष दिनको दसैंमा घर लिपपोत गरेर माथितिर कमेरो माटो र तलतिर रातो माटोले घर लिपेर झकिझकाउ पारिन्थ्यो। अहिले माटोको ठाउँमा बजारिया रङ र चुन लगाउन थालेका छन्। पहिले गाउँघरकै झ्याली दमाहा पैचन स्थानीय बाजा घन्किन्थे भने अहिले बजारको डिजे डेकले ठाउँ ओगटेको छ।

लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. वि.सं. २०७८ सालको जनगणना अनुसार नेपालमा जम्मा कति वटा धर्महरु रहेका छन्?**

✍ १० वटा

**२. विश्व जैविक विविधता दिवस कहिले मनाइन्छ?**

✍ मे २२

**३. विश्वको सबैभन्दा ठूलो भू-परिवेष्ठित राष्ट्र कुन हो?**

✍ कजाकिस्तान

**४. भ्रष्टाचार सूचकांक २०२३ मा नेपाल कति औं स्थानमा रहेको छ?**

✍ ११० औं (ट्रान्सपरेन्सी इन्टरनेसनलद्वारा प्रकाशित प्रतिवेदन अनुसार भ्रष्टाचार सूचकांकमा सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक डेनमार्क हो भने सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुक सोमालिया हो।)

**५. नेपालको संविधान २०७२ मा कति वटा मौलिक हकको व्यवस्था गरिएको छ?**

✍ ३१ वटा (धारा १६ देखि ४६ सम्म)

**६. नेपालको सबैभन्दा पुरानो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको स्थापना भएको थियो?**

✍ वि.सं. २०१६ साल, काठमाडौं

**७. बालाजु औद्योगिक क्षेत्र कुन देशको सहयोगमा निर्माण भएको हो?**

✍ अमेरिका

**८. गंगाजमुना झरना कहाँ पर्दछ?**

✍ धादिङ

**९. नेपालमा बाँदर विशेषज्ञ भनेर कसलाई चिनिन्छ?**

✍ डा. मुकेश चालिसे

**१०. सबैभन्दा पहिले प्रदेशको नाम र प्रदेश राजधानी घोषणा गर्ने प्रदेश कुन हो?**

✍ कर्णाली प्रदेश (वि.सं. २०७४ साल फागुन १२ गते घोषणा गरेको थियो।)

**११. काठमाडौंमा पुनः नो हर्न अभियान कहिलेदेखि सुरु गरिएको हो ?**

✍ विसं २०७९ साउन २२ (पहिलोपल्ट ध्वनि प्रदूषण नियन्त्रणका लागि विसं २०७४ वैशाख १ देखि यो अभियान सुरु गरिएको थियो।)

**१२. परराष्ट्र सेवा दिवस कहिले मनाइन्छ?**

✍ जेठ १० (नेपाल वैदेशिक सेवा (गठन तथा श्रेणी विभाजन) नियमहरू, २०१८ को तर्जुमा भई नेपाल राजपत्रमा प्रकाशित भएको दिन २०१८ जेठ १० गतेको संस्मरणमा सो दिन परराष्ट्र सेवा दिवस मनाउन थालिएको हो।)

*संकलन : चेतन बुढा मगर, भूमे-६, रुकुम (पूर्व)*



# भूमेमा आएर काम गर्दा प्रेरणा मिलेको छ

देविलाल विक
प्रमुख प्रशासकीय अधिकृत
भूमे गाउँपालिका, रुकुम पूर्व

*लोकसेवा आयोगले लिएको परीक्षा पास गरेर नेपाल सरकारको शाखा अधिकृत हुने रहर धेरैको सपना हुन्छ। त्यसमाथि शाखा अधिकृतको परीक्षा पास गरेर कार्यालय प्रमुख बनेर काम गर्दा कस्तो महसुस होला? जनताको सेवा गर्नका लागि राष्ट्रसेवक बनेर खटिदा र त्यसमाथि कार्यालय प्रमुखको जिम्मेवारी बहन गर्दा कस्तो अनुभव हुन्छ? हामीले यसै सम्बन्धमा रुकुम पूर्वको भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवीलाल विकसँग भूमे साप्ताहिकका लागि बालाराम शेर्पालीले कुराकानी गर्नुभएको छ।*

**गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा जिम्मेवारी वहन गर्दा कस्तो अनुभव गरिरहनु भएको छ?**

म पहिले पनि गाउँपालिकामा सहायक स्तरको जिम्मेवारीमा रहेर काम गरेको थिएँ। शाखा अधिकृतको परिक्षा पास गरेर म भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवामा मालपोत अधिकृतको जिम्मेवारीमा रहेर जनताको सेवा गर्ने अवसर मिल्यो। अहिले कार्यालय प्रमुखको जिम्मेवारीका साथ भूमे गाउँपालिकामा पदस्थापन भएको छ। जिम्मेवारी फेरिएको छ, स्थानीय तह सार्वजनिक सेवा प्रवाह गर्ने आधार तह रहेको र मेरो जिम्मेवारी व्यवस्थापकीय रहेको हुने हुदाँ जिम्मेवारीमा फरकपनको महसुस भएको छ।

**भूमे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा जिम्मेवारी लिनुभएको पनि ३ महिना बढी भइसकेको छ। यहाँका जनप्रतिनिधि र कर्मचारीहरुसँग सहकार्य र सहयोग कस्तो पाउनुभएको छ?**

म भूमे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको पनि ३ महिना पुगिसकेको छ। यहाँ आउँदै गर्दा के

कस्तो होला? यहाँका जनप्रतिनिधि, स्थानीयबासी र कर्मचारी साथीहरुसँग काम गर्दा कत्तिको सहज होला भन्ने जिज्ञासा लाग्नु स्वभाविकै हो। म यहाँ आउँदै गर्दा त्यस्तो लागेको थियो। तर, तीन महिनाको अवधिमा काम गरिरहँदा म निकै उत्साहित छु। जनप्रतिनिधिहरुको अभिभावकत्व, कर्मचारी साथीहरुको सहयोग र सेवाग्राही भूमे गाउँबासी नागरिकको माया पाएको छु। यी सबै कारणले गर्दा मलाई काम गर्न उत्प्रेरणा मिलेको छ।

**ग्रामीण क्षेत्रका जनताको अपेक्षा कस्तो पाउनुभयो? जनअपेक्षा अनुसार कार्य सम्पादन गर्न कत्तिको सहज छ?**

ग्रामीण क्षेत्रका जनतामा भौतिक पूर्वाधार निर्माणमा निकै चासो रहेको छ। दुर्गम क्षेत्र भएको हुँदा यहाँ निजी क्षेत्रको उपस्थिति लगभग शून्य नै रहेको छ भन्दा हुन्छ। सबै काम पालिकाले गर्नु परेको छ। पालिकाको सीमित स्रोतलाई जनताको अपेक्षासँग तादाम्यता मिलाई सेवाको प्राथमिकता तय गरि काम गर्ने प्रयास गरिरहेको छु।

**यहाँको पालिकामा कर्मचारीको अभाव छ कि छैन? कर्मचारी व्यवस्थापन कसरी भएको छ? कर्मचारीहरुको सहयोगलाइ कसरी हेर्नुभएको छ?**

पालिकाको स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुन सकेको छैन। रिक्त दरबन्दीमा पदपूर्तिको लागि प्रदेश लोकसेवामा माग गरिएको छ। हाललाई करार तथा ज्यालादारीमा भर्ना गरी कर्मचारीको व्यवस्थापन गरि सेवा प्रवाह गरिरहेको अवस्था छ। कर्मचारीमा देश सेवा गर्ने जुन जुनून देखिएको छ, त्यसबाट सेवा प्रवाहमा मलाई थप सफलता र सहयोग मिलेको छ।

**अरुको मातहतमा बसेर काम गर्दा र आफै कार्यालय प्रमुख हुँदा के फरक हुँदो रहेछ?**

कार्यालय प्रमुखको माताहतमा बसेर काम गर्दा आफ्नो जिम्मेवारी पूरा गर्दा हुन्थ्यो तर आफै कार्यालय प्रमुखको जिम्मेवारीमा रहँदा मातहतमा रहने कर्मचारीको अभिभावकत्व लिई परिचालन गर्नुपर्ने हुन्छ। कार्यालयबाट सम्पादित कामको अन्तिम उत्तरदायित्व बहन पनि प्रमुख हुनुको नाताले आफैले गर्नु पर्ने हुँदा थप जिम्मेवारीको अनुभूति हुन्छ।

**भूमे गाउँपालिकाले यहाँको पर्यटकीय क्षेत्रको विकासका लागि के गरिरहेको छ?**

लुम्बिनी प्रदेशको एक मात्र हिमाली हो- रुकुम पूर्व। पर्यटकीय हिसाबले निकै सम्भावनायुक्त यस जिल्लामा धेरै प्राकृतिक पर्यटकीय स्थल र सम्पदाहरु रहेका छन्। त्यस्तै, सांस्कृतिक सम्पदा, ऐतिहासिक परम्परा र मौलिक लोक संस्कृतिको हिसाबले पनि निकै धनी छ हाम्रो गाउँपालिका। त्यस्तै युद्ध पर्यटनको पक्ष पनि छुट्टै छ हामीसँग। यी सबै प्राकृतिक पर्यटकीय स्थल, युद्ध पर्यटन तथा मौलिक कला संस्कृतिको संरक्षण, सम्पदाहरुको जगेर्ना, प्रवर्द्धन र प्रचार प्रसारका लागि अझ धेरै काम गर्न बाँकी नै छ। पर्यटकहरुलाई यहाँसम्म आउने वातावरण बनाउन र पर्यटकीय क्षेत्रको विकासमा जोड दिएर प्राथमिकता क्षेत्र निर्धारण गरी पालिकाको आन्तरिक आम्दानी बढाउने हिसाबले काम गरिरहेका छौं।

**फरक प्रसङ्गमा कुरा गरौं, लोक सेवा पास गरेर सरकारी सेवामा प्रवेश गर्ने रहर सबैको हुन्छ। अहिले लोक सेवा आयोगको तयारी गर्दै गरेका विद्यार्थीहरुलाई कस्तो सल्लाह दिनुहुन्छ?**

लोक सेवाप्रति देखिएको आकर्षण देशको लागि निकै खुशीको कुरा हो। बलियो इच्छाशक्ति र नियमित मेहनत नै लोक सेवामा सफलता पाउने आधार हुन्। अब लोक सेवा पास गर्ने कुनै टिप्स हुन्छ भन्ने त मलाई लाग्दैन तर मैले आफ्नो अनुभव यहाँ बाँड्न चाहन्छु।

पहिले आफूले चाहेर मात्र लोक सेवाको तयारीमा लाग्नुपर्छ अरुको करकापले यसमा लाग्नु हुन्न। तयारी पाठ्यक्रममा आधारित भएर गर्नुपर्दछ। लेखन र पढाइलाई सँगसँगै लिएर जानुपर्दछ। नोट आफ्नै बनाउनु पर्दछ। अध्ययनको दायरा फराकिलो बनाउनु पर्दछ- जस्तो, पत्रपत्रिकाको सम्पादकीय तथा विचार पृष्ठ समेत पढ्दा ज्ञानको दायरामा बढोत्तरी हुन्छ। समसामयिक कुराहरुमा नियमित अपडेट हुनुपर्दछ। बजारका किताबमा भर पर्नु उपयुक्त हुन्न। सबैभन्दा महत्वपूर्ण कुरा बलियो इच्छाशक्तिलाई कायम राख्नुप-यो। अध्ययन नियमित बनाउनु प-यो। लोक सेवा पास एकै पटकमा हुने त होइन। आयोगले लिने सबै खालका परीक्षामा नियमित सहभागिता जनाउने गर्दा यसबाट परिक्षार्थीमा परीक्षाको समयमा समय व्यवस्थापन र तनाव व्यवस्थापन गर्न निकै सहयोग हुन्छ।

**अन्तमा भूमे साप्ताहिकमार्फत् पालिकाबासीलाई केही भन्नु छ कि?**

भूमे गाउँपालिकामा आएर यहाँका पालिकाबासी आम नागरिक, जनप्रतिनिधि एवं कर्मचारीहरुसँग काम गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। नयाँ ठाउँमा नयाँ अनुभूति संगाल्न पाएको छु। यो माया, सद्भाव सदैव रहिरहनेछ भन्ने मैले विश्वास लिएको छु।

यस अङ्कमा मलाई मेरा अनुभवहरु बाँड्ने मौका दिनुभएकोमा भूमे साप्ताहिक परिवारलाई धन्यवाद व्यक्त गर्दछु।



# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं.:- २०८०/८१
च.नं.:- ६१६

मितिः- वि.सं.२०८०/०९/०५ गते विहिवार

**विषयः- प्रचारप्रसार तथा अन्य आवश्यक सहयोग सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु सबै,**
**श्री कृषि, पशुपन्छी तथा मत्स्य सेवा प्राविधिकहरु सबै,**
**श्री स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु सबै,**
**भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),**
**५ नं.-लुम्बिनी प्रदेश, नेपाल ।**

प्रस्तुत विषयमा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग), ५ नं.-लुम्बिनी प्रदेश, नेपाल कार्यालयको पत्र संख्या २०८०/८१, चलानी नम्बर २६० र मिति वि.सं.२०८०/०९/०५ गते विहिवार दिनको प्राप्त पत्रानुसार यहि मिति २०८० साल पौष महिनाको १५ र १६ गते रुकुम (पूर्वी भाग) जिल्लाको सिस्ने गाउँपालिका वडा नं.-६, छिप्रिदह (विन्दवासिनी मन्दिरको प्राङ्गन)मा सञ्चालन हुन गईरहेको "बृहत जिल्ला स्तरीय कृषि मेला प्रदर्शनी कार्यक्रम-२०८०"को व्यापक प्रचारप्रसार तथा अन्य आवश्यक सहयोग गर्नुपर्ने भएको हुनाले उक्त कार्यालयवाट प्राप्त प्रकाशित तथा प्रसारित सूचना (पाम्प्लेट/पर्चा) थान १ (एक) त्यहाँ कार्यालयको सूचनापाटीमा टाँस गरी विभिन्न कृषि, पशुपन्छी तथा मत्स्यजन्य वाली/वस्तुहरु उत्पादन गरेका कृषक/कृषि/पशुपन्छी/मत्स्य उद्यमी/फार्म/समूह/संस्थाहरु तथा अन्य व्यक्तिहरुलाई सक्रिय रुपमा सहभागि गराउनको लागि **व्यापक रुपमा प्रचारप्रसार (जानकारी)** गर्ने तथा **अन्य आवश्यक सहयोग** गरिदिनुहुन् जानकारीको लागि हार्दिक अनुरोध छ ।
साथै उक्त "बृहत जिल्ला स्तरीय कृषि मेला प्रदर्शनी कार्यक्रम-२०८०"को **सूचना (पाम्प्लेट/पर्चा) थान १ (एक)** यसै पत्रासाथ संलग्न गरी पठाईएको छ ।

२०८०।९।५

**(संजिब खड्का)**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग)- जानकारीको लागि।

सूचना ! सूचना !! सूचना !!!

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम (पूर्व), सिस्ने गाउँपालिका रुकुम पूर्व, घरेलु तथा साना उद्योग विकास कार्यालय रुकुम पूर्व, र यू एम एन रुकुम पूर्व क्लष्टर/मिक नेपाल रुकुम पूर्वको संयुक्त आयोजनामा तपसिलको स्थान, मिति, र समयमा जिल्ला स्तरीय बृहत कृषि मेला प्रर्दशन कार्यक्रम सञ्चालन हुन गैरहेकोले सम्पुर्ण कृषक/उद्यमी दाजुभाई तथा दिदि बहिनीहरुले आफुले उत्पादन गरेको कृषि बाली/वस्तु तपसिलको परिमाणमा ल्याई उक्त मेलामा दर्ता/उपलब्ध गराई पुरस्कार जित्नु हुन अनुरोध गर्दछौं। साथै उक्त कृषि मेलालाई अवलोकन गरेर भरपुर मनोरञ्जनको लिनको लागी सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदिबहिनीहरुको गरिमामय उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछौं ।

तपसिल:

१. **खाद्यान्न बाली:** (धान, मकै, गहुँ, कोदो र जौं आदी)- बोट सहित वा दाना भए १ के.जी.
२. **दलहन र तेलहन बाली:** (मास, भटमास, सिमि, बोडी र तोरी आदी)- बोट सहित वा दाना भए १ के.जी.
३. **तरकारी बाली:** (काउली, बन्दा, फर्सी, काक्रा, टमाटर, रायो/भाजी र भाण्टा)- बोट सहित
४. **फलफूल बाली:**(सुन्तला, कागती, जुनार, अमिलो, किवी, स्याउ र अंगुर आदी)- झुप्पा सिहतको हागा
५. **मसला तथा नगदे बाली:** (अदुवा, खुर्सानी, वेसार, लसुन, प्याज, अलैंचि, उखु र कफि)- बोट सहित
६. **विविध बाली: (च्याउ र मौरी):** मौरीको चाका सहित र च्याउको डल्लो सहित
७. **पशुपन्छी:** (भेडा, बाखा, टर्की, कालिज, लोकल कुखुरा, हाँस र माछा) १६ गते विहाना ८ बजे भित्र ल्याउनु पर्न तर दर्ता अघिल्लो दिन निर्धारित समयमा

**मिति:**२०८०।०९।१५ र १६ गते
**स्थान:** सिस्ने गाउँपालिका वडा नं.-६, छिप्री दह(बिन्दवासिनी मन्दिरको प्राङ्गनमा)
**दर्ता मिति:** २०८०।०९।१५ गते विहाना ८:०० बजे देखी बेलुका ५:०० बजे सम्म।
**पुरस्कार वितरण:** मिति २०८०।०९।१६ गते दिउँसो २:०० बजे।
**पुरस्कार रकम:** प्रथम ४,०००/- द्धितिय ३,०००/- तृतिय २,०००/- र सान्त्वना १,०००/-

**पुनश्च:** उत्पादिन सामाग्रीहरु पुथा उत्तरगंगा गा.पा.को तकसेरा, भूमे गा.पा.को लुकुम, कौंकी, खावाङ बगर, जीतखोला, दोमै, धौलापहिरा र सिस्ने गाउँपालिकाको पोखरा, धपे, धाउन्ने, बालुवा बगर र खोपिचार बाट उक्त सामाग्री रुकुमकोट ल्याउनको लागि गाडीको व्यवस्था गरिएको छ। थप जानकारीको लागि ९८५७८२१८६९ र ९८४३५१०३८८ मा सम्पर्क गर्न सकिने छ।

पिताम्बर बस्नेत
कार्यालय प्रमुख



# ज्यानमारा रोग रेविजबाट

## आफू कसरी बच्ने र अरुलाई बचाउने?





बौलाहा कुकुर,विरालो,स्याल,न्याउरी मुसा वा अन्य मांसहारी जनावरको टोकाईबाट रेविज रोग सर्दछ ।



बौलाहा वा शङ्कास्पद कुकुर र जंगली जनावरले टोकेमा तुरुन्तै साबुन पानी वा सफा पानीले ५ मिनेटसम्म राम्रोसँग घाउ पखालौं र औषधी लगाऔं ।



टोक्ने कुकुर १० दिनभित्र मऱ्यो,मारियो,बेपत्ता भयो वा चिन्न सकिएन भने डाक्टरको सल्लाह बमोजिम रेबिज रोग विरुद्धको खोप लगाउने । **सावधान!** बौलाहा कुकुरले टाउको वा आसपासका धेरै ठाउँमा नराम्रो गरि टोकेको अवस्थामा तुरुन्तै रेबिज विरुद्धको खोप लगाउनुपर्छ । किनकी रोग लाग्ने सम्भावना धेरै हुन्छ ।



पाल्तु कुकुर वा विरालोलाई नियमित रुपमा रेविज रोग विरुद्धको खोप लगाउनुपर्छ । पहिलो पटक ३ महिनाको उमेरमा दोस्रो पटक ९ महिनाको उमेरमा त्यसपश्चात प्रत्यक वर्ष रेबिज विरुद्धको खोप लगाउनु पर्छ ।

**कहिलै बिर्सिनु भएन,रेविज रोग लागेपछि कुनै उपचार हुदैन तर बेलैमा सावधानी पुग्यो भने सजिलै बाँच्न सकिन्छ।**

अनि यता पनि हेरौं त ।



- बौलाएको कुकुरले टोकेमा नियमित रेबिज रोग विरुद्धको खोप लगाउनुपर्छ।
- आजसम्म एउटा मात्र खोप लगाएर पुग्ने रेबिज खोप पत्ता लागेको छैन ।

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशु सेवा केन्द्र**

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल